令和７年度　　　　　　　　　　　　　　　　　＜全日・定時・通信制＞

# 神奈川県高校生等奨学給付金（家計急変世帯対象給付・国公立）

**授業料以外の教育費を支援する返還不要の給付金(申請必要)**

**家計急変により保護者全員の年収見込が非課税相当となった世帯が対象**

## １　申請できる方　次の要件のすべてを満たすことが必要です。

**⑴　家計急変による経済的理由により、保護者全員の年収見込が住民税所得割非課税相当になったと認められること。**

**＜住民税所得割非課税に相当する年収見込＞**　9名扶養以上の場合はお問合せください。

| 扶養人数 | 0名扶養 | １名扶養 | １名扶養<br>※ひとり親世帯 | 2名扶養 | 3名扶養 |
|---|---|---|---|---|---|
| ①個人事業者 | 450,000円以下 | 1,120,000円以下 | 1,350,000円以下 | 1,470,000円以下 | 1,820,000円以下 |
| ②給与所得者 | 1,000,000円未満 | 1,704,000円未満 | 2,044,000円未満 | 2,216,000円未満 | 2,716,000円未満 |
| 扶養人数 | 4名扶養 | 5名扶養 | 6名扶養 | 7名扶養 | 8名扶養 |
| ①個人事業者 | 2,170,000円以下 | 2,520,000円以下 | 2,870,000円以下 | 3,220,000円以下 | 3,570,000円以下 |
| ②給与所得者 | 3,216,000円未満 | 3,704,000円未満 | 4,140,000円未満 | 4,576,000円未満 | 5,016,000円未満 |

- 保護者が複数いる場合は、それぞれの保護者について年収見込を確認してください。
- 個人事業者は、家計急変後の年収見込(売上－必要経費)が①に該当すること。
- 給与所得者は、家計急変後の年収見込(通勤手当を除く給与収入)が②に該当すること。
- 保護者全員の令和7年度の住民税の所得割が非課税である世帯、または令和7年7月1日現在、対象となる高校生等が生活保護(生業扶助)を受給している世帯は通常給付でお申込みください。

**⑵　保護者の方が認定基準日に神奈川県内に住所を有していること。**

- 神奈川県外在住の場合は、お住まいの都道府県へお問合せください。

**आर्थिक वर्ष 2025 <पूर्णकालीन/ निर्धारित समय/ सञ्चार प्रणाली>**
**खानागावा प्रान्तका उच्च माध्यमिक तहका विद्यार्थीहरूको छात्रवृत्ति लाभ रकम (घरायसी खर्चमा आकस्मिक परिवर्तन आएको घरपरिवार दायरामा पर्ने लाभ रकम/सरकारी वा सार्वजनिक विद्यालय)**

**अध्यापन शुल्क बाहेकको शिक्षण खर्चमा टेवा पुर्‍याउने फिर्ता गर्नु नपर्ने लाभ रकम (आवेदन आवश्यक)**
**घरायसी खर्चमा आकस्मिक परिवर्तन भएर संरक्षक सबैजनाको अनुमानित बार्षिक आम्दानी कर लागु नहुने सरह भएका घरपरिबार**

## 1 आवेदन दिन सक्ने व्यक्ति: निम्न आवश्यक शर्त सबै पूरा गरेको हुनुपर्ने छ।

**(1) घरायसी खर्चमा आकस्मिक परिवर्तन भएर आर्थिक कारणबाट, घरपरिवारको वार्षिक अनुमानित आयले, बसोबास कर आय दरमा कर मुक्त घरपरिवार सरहको मान्यता पाएको हुनुपर्ने।**

**<बसोबास कर आय दरमा कर मुक्त घरपरिवार सरहको वार्षिक अनुमानित आयको उदाहरण>**

9 जना वा सो भन्दा धेरै आश्रित भएको खण्डमा सम्पर्क गर्नुहोस्।

| आश्रित व्यक्ति सङ्ख्या | 0 जना आश्रित | 1 जना आश्रित | 1 जना आश्रित ***एकल अभिभावकीय घरपरिवार** | 2 जना आश्रित | 3 जना आश्रित |
|---|---|---|---|---|---|
| ①व्यक्तिगत उद्यमी | 450,000 येन वा सो भन्दा कम | 1,120,000 येन वा सो भन्दा कम | 1,350,000 येन वा सो भन्दा कम | 1,470,000 येन वा सो भन्दा कम | 1,820,000 येन वा सो भन्दा कम |
| ②तलब आय भएका व्यक्ति | 1,000,000 येन भन्दा कम | 1,704,000 येन भन्दा कम | 2,044,000 येन भन्दा कम | 2,216,000 येन भन्दा कम | 2,716,000 येन भन्दा कम |
| आश्रित व्यक्ति सङ्ख्या | 4 जना आश्रित | 5 जना आश्रित | 6 जना आश्रित | 7 जना आश्रित | 8 जना आश्रित |
| ①व्यक्तिगत उद्यमी | 2,170,000 येन वा सो भन्दा कम | 2,520,000 येन वा सो भन्दा कम | 2,870,000 येन वा सो भन्दा कम | 3,220,000 येन वा सो भन्दा कम | 3,570,000 येन वा सो भन्दा कम |
| ②तलब आय भएका व्यक्ति | 3,216,000 येन भन्दा कम | 3,704,000 येन भन्दा कम | 4,140,000 येन भन्दा कम | 4,576,000 येन भन्दा कम | 5,016,000 येन भन्दा कम |

- संरक्षक धेरैजना भएको खण्डमा हरेक संरक्षकको अनुमानित वार्षिक आम्दानी निश्चय गर्नुहोस्।
- व्यक्तिगत उद्यमीले घरायसी खर्चमा आकस्मिक परिवर्तन पश्चात्को वार्षिक अनुमानित आय (सेल्स-आवश्यक खर्च) ① भित्र परेको हुनुपर्ने।
- तलब आय भएका व्यक्ति भए, घरायसी खर्चमा आकस्मिक परिवर्तन पश्चात्को वार्षिक अनुमानित आय (यातायात भत्ता बाहेकको तलब आम्दानी) ② भित्र परेको हुनुपर्ने।
- संरक्षक सबैको आर्थिक वर्ष 2025 को बसोबास कर आय दरमा कर मुक्त घरपरिवार, अथवा सन् 2025 जुलाई 1 तारिखको मितिमा, दायरामा पर्ने उच्च माध्यमिक तहका विद्यार्थीहरूले जीवनयापन संरक्षण (निर्वाह सहायता) प्राप्त गरिरहेको घरपरिवारले सामान्य आवेदन मार्फत निवेदन दिनुहोला।

**(2) संरक्षक व्यक्तिको प्रमाणीकरण आधार मितिमा खानागावा प्रान्त भित्र ठेगाना दर्ता रहेको हुनुपर्ने।**

- खानागावा प्रान्त बाहिर बसोबास भए, उक्त बसोबास रहेको प्रान्तमा सोधपुछ गर्नुहोला।

### ⑶ 対象となる高校生等が認定基準日に高等学校等に在籍していること。

● 高校生等とは、就学支援金又は学び直し支援金の受給資格を有する生徒です。

● 高校生等に生活保護(生業扶助)が措置されている場合は支給対象外となります。

● 高校生等が児童福祉施設(母子生活支援施設を除く。)に入所又は里親に養育されており、見学旅行費又は特別育成費が措置されている場合は支給対象外となります。

● 高等学校等とは、高等学校(別科を除く。)、中等教育学校(後期課程)、高等専門学校(第1学年から第3学年まで)、専修学校及び各種学校のうち高等学校の課程に類する課程を置くものをいいます。

◆ 認定基準日

・ 令和7年7月1日以前に家計が急変した場合は、令和7年7月1日が認定基準日となります

・ 令和7年7月2日以降に家計が急変した場合は、家計が急変した月の翌月(家計が急変した日が月の初日である場合は、家計が急変した月)の1日が認定基準日となります。

## 2 申請期限 令和7年12月15日(月)

※審査がありますので、お早めにご申請下さい。

● 高校生等を複数扶養している場合は、それぞれの高校生等について申請が必要です。

## 3 支給時期 申請した月の2か月後の末頃を予定 (例)7月申請⇒9月末頃支給

● 申請が集中した場合は、支給時期が遅くなる場合があります。

## 4 申請書提出先 認定基準日現在に在学する(していた)学校の事務室

● 神奈川県外の国公立学校に在学の場合は、申請書裏面に学校の証明を受けた後、直接、
**神奈川県教育委員会財務課高校奨学金グループ 〒231-8588 横浜市中区日本大通1**
**☎045-210-8251(直通)**へ申請してください。

## 5 支給条件 授業料以外の教育費に係る費用に対して支給します

● **授業料以外の教育費に係る費用に対して支給します**ので、この費用に未済がある場合は、奨学給付金支給額を未済額に充当します。

※ 授業料以外の教育費の例:教科書費、教材費、学用品費、通学用品費、校外活動費、生徒会費、PTA会費、入学用品費、修学旅行積立金等

● 授業料以外の教育費に係る費用で未済がないことについて学校長の確認が必要となります。

**(3) दायरामा पर्ने उच्च माध्यमिक तहका विद्यार्थीहरू प्रमाणीकरण आधार मितिमा उच्च माध्यमिक विद्यालय तहमा भर्ना रहेको हुनुपर्ने।**

- उच्च माध्यमिक तहका विद्यार्थीहरू भन्नाले, भर्ना टेवा रकम, पुनर्अध्ययन टेवा प्राप्त गर्ने योग्यता धारण गरेका विद्यार्थी हुन्।
- उच्च माध्यमिक तहका विद्यार्थीहरूलाई जीवनयापन संरक्षण (निर्वाह सहायता) प्रदान गरिरहेको अवस्थामा लाभ भुक्तानीको दायरा बाहिर पर्न जान्छ।
- उच्च माध्यमिक तहका विद्यार्थीहरू बाल कल्याण सुविधा गृह (मातृशिशु जीवनयापन टेवा सुविधा गृह बाहेक।) मा छिर्ने अथवा धर्म-बुवा-आमाले पालन पोषण गरिरहेको र, अवलोकन भ्रमण अथवा विशेष प्रशिक्षण खर्चको व्यवस्था भइरहेको अवस्थामा छानिने दायरामा पर्दैनन्।
- उच्च माध्यमिक विद्यालय तह भन्नाले, उच्च माध्यमिक विद्यालय (भिन्न-छोटो-कोर्ष बाहेक।) , माध्यमिक तह शिक्षण विद्यालय (उत्तरार्द्धको पाठ्यक्रम)भनेको, उच्च माध्यमिक भोकेसनल विद्यालय(पहिलो ग्रेड देखि तेस्रो ग्रेड सम्म), उन्नत व्यावसायिक विद्यालय एवम् हरेक प्रकारका विद्यालय मध्ये उच्च माध्यमिक विद्यालयको पाठ्यक्रमको प्रकारसँग मिल्दोजुल्दो पाठ्यक्रम राखेको विद्यालय हो।

◆ **प्रमाणीकरण** आधार मिति

- सन् 2025 जुलाई 1 तारिख भन्दा पहिले घरायसी खर्चमा आकस्मिक परिवर्तन आएको खण्डमा, सन् 2025 जुलाई 1 तारिख प्रमाणीकरण आधार मिति हुनेछ।
- सन् 2025 जुलाई 2 तारिख पश्चात् घरायसी खर्चमा आकस्मिक परिवर्तन आएको खण्डमा, घरायसी खर्चमा आकस्मिक परिवर्तन आएको महिना पछिको अर्को महिना (घरायसी खर्चमा आकस्मिक परिवर्तन आएको दिन, उक्त महिनाको पहिलो दिन परेको खण्डमा, घरायसी खर्चमा आकस्मिक परिवर्तन आएको महिना)को 1 तारिख प्रमाणीकरण आधार मिति हुनेछ।

## 2 आवेदन म्याद: सन् 2025 डिसेम्बर 15 तारिख (सोम)

* परीक्षण गर्नुपर्ने भएकोले चाँडै आवेदन दिनुहोला।

- उच्च माध्यमिक तहका विद्यार्थीहरू धेरै सङ्ख्यामा आश्रित रहेको भए, हरेक विद्यार्थीको लागि आवेदन दिन आवश्यक पर्छ।

## 3 भुक्तानी समय: आवेदन दिएको दोस्रो महिनाको मसान्त तिरको योजना

**(जस्तै) जुलाईमा आवेदन ⇒ सेप्टेम्बर मसान्त तिर भुक्तानी**

- एकै चोटि धेरै आवेदन एकत्रित भएको खण्डमा, भुक्तानी समय ढिलो हुन सक्छ।

## 4 आवेदन फाराम पेस गर्ने ठाउँ: प्रमाणीकरण आधार मितिमा अध्ययनरत विद्यालयको कार्यकक्ष

- खानागावा प्रान्त बाहिरको सरकारी/सार्वजनिक विद्यालयमा अध्ययनरत भएमा, आवेदन पत्रको पछाडि पट्टि विद्यालयबाट प्रमाणीकरण प्राप्त गरे पश्चात्, सिधै,

**खानागावा प्रान्तीय शिक्षा परिषद् वित्तीय शाखा उच्च माध्यमिक तहको छात्रवृत्ति रकम ग्रुप**

**〒231-8588 Yokohama-Shi Naka-Ku, Nihon Odori 1 ☎045-210-8251 (डाइरेक्ट लाइन)मा आवेदन दिनुहोला।**

## 5 भुक्तानी शर्त: अध्यापन शुल्क बाहेकको शिक्षण खर्चमा लाग्ने लागत प्रति भुक्तानी गरिने

- **अध्यापन शुल्क बाहेकको शिक्षण खर्च मा लाग्ने लागत प्रति भुक्तानी गरिने** भएकोले, विद्यालयमा चुक्ता गर्नुपर्ने रकमको बक्यौता बाँकी भए, छात्रवृत्ति लाभ रकमबाट उक्त बक्यौता रकममा परिपूरण गरिनेछ।

* अध्यापन शुल्क बाहेकको शिक्षण खर्चको उदाहरण : पाठ्यपुस्तक खर्च, पाठ्यसामग्री खर्च, अध्ययनका लागि चाहिने सामानको खर्च, विद्यालय आवतजावतमा चाहिने सामानको खर्च, अतिरिक्त क्रियाकलापको खर्च, विद्यार्थी समिति खर्च, पि.टि.ए. समिति खर्च, विद्यालय भर्नाको लागि चाहिने सामानको खर्च, शैक्षिक भ्रमणको बचत रकम आदि

- अध्यापन शुल्क बाहेकका शिक्षण खर्चमा पर्ने रकममा बक्यौता बाँकी नभएका सम्बन्धमा, प्रधानाध्यापकको पुष्टि आवश्यक पर्नेछ।

## 6 支給額

- 世帯区分、在学する学校の課程及び家計急変の発生した日により支給額が異なります
- 「対象者及び給付額確認シート」を参照してください

● 対象となる高校生等１人あたりの給付額（※）

※ 7月2日以降に家計急変した場合は、認定基準日以降の月数に応じた月割額

| 世帯区分 | 全日制・定時制 | 通信制 |
|---|---|---|
| 非課税世帯 | 143,700円 | 50,500円 |

## 7 提出書類

- (1)～(6)に記載してある書類を提出してください
- 提出前に漏れや必要書類の漏れがないことを確認してください
- 不備があると支給が遅くなります

**(1) 高校生等奨学給付金(家計急変)受給申請書(第1号様式の2)**

**(2) 振込先口座を確認できる書類（預貯金通帳のコピー等）**

● 振込先口座の金融機関名、支店名、預金種別（普通口座又は貯蓄口座）、口座番号及び口座名義人(カナ)がわかる部分の通帳のコピー等を提出してください。

※ 通帳の表紙の裏に記載されていることが多いです。

**(3) 保護者等の家計急変の発生事由を証明する書類(①は必須②は一部必須)**

① **家計急変理由書(様式A)**

② **様式Aの記載内容を確認するための書類(以下のとおり、コピー可)**

| No | 家計急変理由 | 必要書類 |
|---|---|---|
| 1 | 給与所得者で離職・解雇（定年退職の場合を除く） | 離職票、雇用保険受給資格者証、解雇通知書のいずれか(必須) |
| 2 | 個人事業者で事業の廃業 | 廃業等届出、破産宣告通知書のいずれか(必須) |
| 3 | 給与所得者で収入減 | 減額通知書等(会社から交付されている場合のみ) |
| 4 | 個人事業主で収入減 | 公的支援の受給証明書（収入減少があった者を対象とした公的支援を受けている場合のみ。例:持続化給付金や家賃支援給付金等の給付通知書) |
| 5 | 親権者の離婚・死別等 | 戸籍全部事項証明書(戸籍謄本)、戸籍個人事項証明書(戸籍抄本)、 離婚届受理証明書のいずれか(必須) |

## 6 लाभ भुक्तानी राशि

- घरपरिवार वर्गीकरण, अध्ययनरत विद्यालयको पाठ्यक्रम एवम् घरायसी खर्चमा आकस्मिक परिवर्तन आएको दिन अनुसार लाभ भुक्तानी राशि फरक पर्नेछ।
- “दायरामा पर्ने व्यक्ति एवम् लाभ राशि पुष्टि पत्र” हेर्नुहोस्।

- **दायरामा पर्ने उच्च माध्यमिक तहका विद्यार्थीहरू 1 जना बराबरको भुक्तानी राशि (*)**

* जुलाई 2 तारिख पश्चात् घरायसी खर्चमा आकस्मिक परिवर्तन आएको खण्डमा, प्रमाणीकरण आधार मिति पश्चात्को महिनाको सङ्ख्या अनुसारको मासिक राशि

| घरपरिवार वर्गीकरण | पूर्णकालीन प्रणाली/निर्धारित समय प्रणाली | सञ्चार प्रणाली |
|---|---|---|
| कर लागु नभएको घरपरिवार | 143,700 येन | 50,500 येन |

## 7 पेस गर्नुपर्ने कागजात

- (1)～(6)मा उल्लिखित कागजात पेस गर्नुहोस्
- पेस गर्नु अगाडि, लेख्न छुटेको वा नत्थी गर्नुपर्ने कागजात छुटेको छ छैन निश्चय गर्नुहोला
- त्रुटि भएमा भुक्तानी ढिलो हुनजान्छ

**(1) उच्च माध्यमिक तहका विद्यार्थीहरूले छात्रवृत्ति लाभ रकम (घरायसी खर्चमा आकस्मिक परिवर्तन) प्राप्त गर्ने आवेदन फाराम (ढाँचा फाराम नं.1-2)**

**(2) कमान्तर गर्ने खाता पुष्टि हुने कागजात (बचत पासबुक आदिको फोटोकपीहरू)**

- रकमान्तर गर्ने खाता भएको वित्तीय निकायको नाम, शाखाको नाम, खाताको प्रकार (साधारण खाता वा बचत खाता), खाता नं. एवम् खाताको नाम (काताकानामा) लेखिएको भागको पासबुकको फोटोकपीहरू पेस गर्नुहोला

* धेरै जसो पासबुकको बाहिरी पानाको पछाडि उल्लेख हुने गर्छ।

**(3) संरक्षकहरूको घरायसी खर्चमा आकस्मिक परिवर्तन आउनुको कारण प्रमाणित गर्ने कागजात (① अनिवार्य, ②को केही हिस्सा अनिवार्य)**

① घरायसी खर्चमा आकस्मिक परिवर्तन आउनुको कारणपत्र (ढाँचा फाराम A)

② ढाँचा फाराम A मा उल्लिखित विषयवस्तु पुष्टि हुने कागजात (तलको जस्तो फोटोकपी भए हुने)

| No | घरायसी खर्चमा आकस्मिक परिवर्तन आउनुको कारण | आवश्यक कागजात |
|---|---|---|
| 1 | तलब आय भएका व्यक्ति जसले काम छोडेको छ वा बर्खासीमा परेको (उमेर हदको अवकाश भने बाहेक) | काम छोडेको प्रमाणपत्र (रि-स्योकु-ह्योउ), रोजगार बिमा प्राप्ति योग्यता प्रमाणपत्र(कोयोउ होकेन् ज्युक्यू सिखाकु-स्या-स्यो), बर्खासी सूचना पत्र (खाइको चूचि-स्यो) मध्येको कुनै एक **(अनिवार्य)** |
| 2 | व्यक्तिगत उद्यमी जसले उद्यम विघटन गरेको | उद्यम विघटन निवेदन (हाइग्योउ-तोउ तोदोके-दे), टाट पल्टेको घोषणा सूचना पत्र (हासान सेन्कोकु चूचि-स्यो) मध्येको कुनै एक **(अनिवार्य)** |
| 3 | तलब आय भएका व्यक्ति जसको आय घटेको | पैसा घटाइएको सूचनापत्रहरू (कम्पनीले जारी गरेको भए मात्र) |
| 4 | व्यक्तिगत उद्यमी जसको आम्दानी घटेको | सार्वजनिक सहायता प्राप्त गरिरहेको प्रमाणपत्र (आम्दानीमा कमी आएको व्यक्ति स्वरूप दायरामा परी सार्वजनिक सहायता प्राप्त गरिरहेको भए मात्र, जस्तै: निरन्तरता लाभ रकम (जिजोकु-खा क्यूफू-किन्) या घरभाडा सहायता लाभ रकम (चिन्ताइ सिएन क्यूफू-किन्) आदिको लाभ प्रदान सूचना पत्र) |
| 5 | अभिभावकको अधिकार प्राप्त व्यक्ति / मृत्युले भएको बिछोड इत्यादि | पारिवारिक दर्ताको सम्पूर्ण विवरण सहितको प्रमाणपत्र (कोसेकि-तोउहोन्), पारिवारिक दर्ताको सङ्क्षिप्त विवरण सहितको प्रमाणपत्र (कोसेकि-स्योउहोन्), छोडपत्र निवेदन स्वीकृत प्रमाणपत्र (रिकोन तोदोके ज्युरि स्योउमेइ-स्यो) मध्येको कुनै एक **(अनिवार्य)** |

**⑷　家計急変前の収入を証明する書類(①～③のいずれか)**

**①　令和7年度　市町村民税・県民税　課税証明書の原本又はコピー**

**②　令和7年度　市町村民税・県民税　特別徴収税額通知書のコピー**

**③　令和7年度　市町村民税・県民税　税額決定・納税通知書のコピー**

※　保護者全員分の書類が必要です。

**⑸　家計急変後の収入を証明する書類（①・②のいずれか）**

①　給与所得者で収入減の場合(ア・イのいずれか)

ア　**勤務先作成の給与見込(給与証明書(様式B)又は勤務先の様式)**

※　賞与の支給の有無と令和7年の賞与支給見込も記載してください。

イ　**給与明細の写し　＋　令和7年分の賞与支給(見込)申出書(様式C)**

※　支給済の賞与がある場合は賞与明細の写しも添付してください。

②　個人事業者で収入減の場合(ア・イのいずれか)

ア　**税理士又は公認会計士の作成した証明書類**

イ　**収入申告書(様式D)**

※　必要経費内訳のわかるものの写しを添付してください。

※　①・②は、離婚後の親権者が給与所得者、個人事業主の場合も含みます。

※　**家計が急変した後の連続した3か月分(申請時点で事由が発生してから4か月以上経過している場合、申請月の前3か月分)**の証明が必要です。

（例１）　家計が急変した月：５月　　⇒５月分～７月分

（例２）　家計が急変した月：11月　　⇒11月分～１月分

収入証明書類が12月15日以降にしか用意できない場合は、用意でき次第ご提出いただきます。

※　離職・解雇・廃業・離婚・死別により家計急変後の収入がない場合、その旨を**様式Aの申立欄**に記載してください。

※　**令和7年度の住民税所得割が非課税である保護者の収入証明書類は提出不要です。**

**⑹　保護者等の扶養親族の人数・年齢を確認するための書類（①・②必須）**

**①　扶養誓約書（様式Ｅ）**

※　扶養者1名ごとに1枚作成してください。

（例）　4人世帯で父が第1子を扶養、母が第2子を扶養している場合

⇒父で1枚、母で1枚

**②　様式Ｅの記載内容を確認するための書類（ア～イのいずれか）**

ア　**扶養親族の記載が省略されていない課税証明書(コピー可)**

※　⑷で提出した書類で確認できる場合は、重複して提出する必要はありません。

イ　**令和6年分の源泉徴収票のコピー**

**(4) घरायसी खर्चमा आकस्मिक परिवर्तन पूर्वको आम्दानी प्रमाणित गर्ने कागजात**
(① ~ ③ **मध्ये**को **कुनै एक)**

① **आर्थिक वर्ष 2025: स्थानीय कर/प्रान्तीय कर, कर लागु प्रमाणपत्रको सक्कल वा फोटोकपी**
② **आर्थिक वर्ष 2025: स्थानीय कर/प्रान्तीय कर, कर विशेष असुली रकम सूचना पत्रको फोटोकपी**
③ **आर्थिक वर्ष 2025: स्थानीय कर/प्रान्तीय कर, कर राशि निर्णित/ कर दाखिला सूचनापत्रको फोटोकपी**
*　संरक्षक सबैजनाको कागजात आवश्यक पर्नेछ।

**(5) घरायसी खर्चमा आकस्मिक परिवर्तन पछिको आम्दानी प्रमाणित गर्ने कागजात**
**(① वा ② मध्येको कुनै एक)**

① तलब आय भएका व्यक्ति जसको आम्दानी घटेको छ (अ. र आ. मध्येको कुनै एक)
अ. **काम गर्ने ठाउँले बनाइदिएको तलबको अनुमान (तलब प्रमाणपत्र (ढाँचा फाराम B) अथवा काम गर्ने ठाउँको ढाँचा फाराम)**
* बोनस पाएको छ छैन र सन् 2025को अनुमानित बोनस समेत उल्लेख गर्नुहोस्।
आ. **तलब विवरणको प्रतिलिपि + सन् 2025को बोनस भुक्तानी (अनुमानित) आवेदन पत्र (ढाँचा फाराम C)**
* भुक्तानी पाइसकेको बोनस भएमा बोनस विवरणको प्रतिलिपि पनि संलग्न गर्नुहोस्।

② व्यक्तिगत उद्यमी जसको आम्दानी घटेको छ (अ. र आ. मध्येको कुनै एक)
अ. **कर अधिकारी वा सार्वजनिक लेखापालले तयार पारेको प्रमाण कागजात**
आ. **आम्दानी घोषणा पत्र (ढाँचा फाराम D)**
* आवश्यक खर्चको अन्तर्वस्तु थाहाहुने कागजातको प्रतिलिपि संलग्न गर्नुहोस्।

* ① र ② चाहिँ छोडपत्र गरे पश्चात्को अभिभावकको अधिकार प्राप्त व्यक्तिको तलब आय भएका व्यक्ति, व्यक्तिगत उद्यमी समेतलाई समेत लागु हुन्छ।

* **घरायसी खर्चमा आकस्मिक परिवर्तन आएपछिको लगातार 3 महिनाको हिस्सा (आवेदन दिँदा उक्त अवस्था आइपरेको 4 वा सो भन्दा बढी महिना बितिसकेको रहेछ भने, आवेदन दिएको महिना अघिको 3 महिनाको हिस्सा)को प्रमाण आवश्यक पर्नेछ।**

(उदाहरण 1) घरायसी खर्चमा आकस्मिक परिवर्तन भएको महिना: मे ⇒ मे महिनाको हिस्सा ~ जुलाई महिना सम्मको हिस्सा

(उदाहरण 2) घरायसी खर्चमा आकस्मिक परिवर्तन आएको महिना : नोभेम्बर ⇒नोभेम्बरको हिस्सा ~ जनवरी सम्मको हिस्सा

आम्दानी प्रमाण कागजात डिसेम्बर 15 तारिख पछि मात्र व्यवस्था गर्न सकिने अवस्थामा, व्यवस्था हुने बितिकै पेस गर्नुपर्दछ।

* काम छोडेको / बर्खासीमा परेको / उद्यम विघटन / छोडपत्र / मृत्युले भएको बिछोड भएर घरायसी खर्चमा आकस्मिक परिवर्तन आए पश्चात् आम्दानी नभएको खण्डमा, उक्त व्यहोरालाई **ढाँचा फाराम A को याचना स्तम्भ**मा भर्नुहोस्।

*** आर्थिक वर्ष 2025को बसोबास कर आय दरमा कर मुक्त संरक्षकको आम्दानी प्रमाणपत्रहरू भने पेस गर्नु पर्ने छैन।**

**(6) संरक्षकहरूमा आश्रित नजिकका नातेदार व्यक्तिको सङ्ख्या/उमेर पुष्टि गर्न चाहिने कागजात**
**(①②** अनिवार्य**)**

① **लालनपालन कबुलियतनामा (ढाँचा फाराम E)**
***** आश्रित व्यक्ति एक जनाको लागि एक प्रति तयार पार्नुहोस्।
(उदाहरण) 4 जनाको घरपरिवार भएर बाबुले पहिलो बच्चालाई आश्रित स्वरूप, आमाले दोस्रो बच्चालाई आश्रित स्वरूप लालनपालन गरिरहेको खण्डमा⇒ बाबुको एक प्रति, आमाको एक प्रति

② **ढाँचा फाराम E मा उल्लेख गरिएको विषयवस्तुलाई पुष्टि गर्ने कागजात (अ. ~ आ.मध्येको कुनै एक)**
**अ. आश्रित नजिकका नातेदारको विवरण संक्षेपीकरण नगरिएको कर लागु प्रमाणपत्र (फोटोकपी भए हुने)**
* (4) मा पेस गरेको कागजातबाट पुष्टि हुने भएमा डब्लिने गरी पेस गर्नुपर्ने आवश्यकता रहँदैन।
**आ. सन् 2024को आयस्रोत करकट्टी पत्रको फोटोकपी**

# 高校生等奨学給付金（家計急変世帯対象給付）　対象者及び給付額確認シート

उच्च माध्यमिक तहको विद्यार्थीहरूका लागि छात्रवृत्ति लाभ रकम, (**घरायसी खर्चमा आकस्मिक परिवर्तन आएको घरपरिवार दायरामा पर्ने लाभ रकम**) दायरामा पर्ने व्यक्ति एवम् लाभ राशि पुष्टि पत्र

Ｑ１．認定基準日現在、保護者の方は神奈川県内にお住まいですか？

प्रमाणीकरण आधार मितिमा, संरक्षक व्यक्ति खानागावा प्रान्त भित्र बसोबास गरिरहनुभएको छ?

छ→Q2, छैन→**A1**

Ｑ２．認定基準日現在、高校生等は学校に在籍していますか？

प्रमाणीकरण आधार मितिमा, उच्च माध्यमिक तहका विद्यार्थीहरूले विद्यालयमा नामाङ्कन गर्नुभएको छ?

छ→Q3, छैन→**A2**

Ｑ３．認定基準日現在、高校生等は生活保護（生業扶助）を受けていますか？

प्रमाणीकरण आधार मितिमा, उच्च माध्यमिक तहको विद्यार्थीले जीवनयापन संरक्षण (निर्वाह सहायता) प्राप्त गरिरहनुभएको छ?

छ→**A3**, छैन→Q4

Ｑ４．保護者全員の令和７年度の都道府県民税所得割額と市町村民税所得割額の合算額は０円（非課税）ですか？

संरक्षक सबै जनाको आर्थिक वर्ष 2025 को 'प्रान्तवासी कर आय दर र स्थानीयवासी कर आय दरको योगफल शुन्य येन (कर नलागेको) छ?

छ→**A3**, छैन→Q5

Ｑ５．家計急変により保護者全員の年収見込が非課税相当となりましたか？

के सबै आमा बुबा को अपेक्षित वार्षिक आय कर छुट छ घरेलू आय मा अचानक परिवर्तन को कारण छ?

छ→**A4**, छैन→**A2**

A1．都道府県ごとに制度が異なりますので、お住まいの都道府県にお問合せください。
प्रान्त पिच्छे प्रणाली फरक पर्ने भएकोले, आफू बसोबास गर्ने प्रान्तमा सोधपुछ गर्नुहोला।

A2．該当しません。
यस भित्र नपर्ने।

A3．家計急変世帯に該当しませんが、通常給付の申請が可能※です。
※生活保護世帯は、令和７年７月１日現在、生活保護（生業扶助）を受けている場合に限ります。
**घरायसी खर्चमा आकस्मिक परिवर्तन आएको घरपरिवारमा पर्दैन तर, नियमित लाभ भुक्तानीको मार्फत आवेदन दिन मिल्छ*।**
* जीवनयापन संरक्षण प्राप्त घरपरिवारले सन् 2025 जुलाई 1 तारिखको समयमा जीवनयापन संरक्षण (निर्वाह सहायता) प्राप्त गरिरहेको खण्डमा मात्र सीमित रहने छ।

A4．高校生等が認定基準日時点で在籍している課程に応じて、給付額が異なります。
उच्च माध्यमिक तहका विद्यार्थीहरू प्रमाणीकरण आधार मितिको समयमा अध्ययनरत पाठ्यक्रम अनुसार, लाभ रकम फरक पर्नेछ।

| | |
|---|---|
| （国公立） | (सरकारी वा सार्वजनिक) |
| ・全日制：143,700円 | पूर्णकालीन प्रणाली : 143,700 येन |
| ・定時制：143,700円 | निर्धारित समय प्रणाली : 143,700 येन |
| ・通信制：　50,500円 | सञ्चार प्रणाली : 50,500 येन |
| （私立） | (निजी) |
| ・全日制：152,000円 | पूर्णकालीन प्रणाली : 152,000 येन |
| ・定時制：152,000円 | निर्धारित समय प्रणाली : 152,000 येन |
| ・通信制：　52,100円 | सञ्चार प्रणाली : 52,100 येन |

◆上記の単価は年額の例です。７月２日以降に家計急変した場合は、認定基準日以降の月数に応じた月割額となりますので上記の単価とは異なります。
**◆माथि उल्लिखित रेट भनेको वार्षिक राशिको उदाहरण हो। जुलाई 2 तारिख पश्चात् घरायसी खर्चमा आकस्मिक परिवर्तन आएको खण्डमा, प्रमाणीकरण आधार मिति पश्चात्को महिनाको सङ्ख्या अनुसारको मासिक राशि हुने भएकोले माथि उल्लिखित रेटसँग फरक पर्नेछ।**